# संघीय संसद
# प्रतिनिधि सभा

**आठौं अधिवेशन**

**बैठक संख्या - ४**

## दैनिक कार्यसूची

२०७८ साउन १२ गते

**मंगलबार**

दिनको १:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त राज्यमन्त्री नियुक्ति सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### वार्षिक प्रतिवेदन पेश

२. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले “निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७” पेश गर्नुहुने ।

### शोक प्रस्ताव

३. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

“प्रतिनिधि सभाको यो बैठक तत्कालिन संयुक्त जनमोर्चा नेपालबाट २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सिराहा जिल्ला क्षेत्र नं. ५ बाट निर्वाचित सदस्य, हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता बिष्णु बहादुर तामाङ (बिएल वाइवा) को ७५ वर्षको उमेरमा मिति २०७८ साल जेठ २० गते बिहीबार बेलुका झापास्थित आम्दा अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

डा. भरतराज गौतम
संघीय संसदको महासचिव